# रुपा गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०७७
# प्रतिवेदन

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD

## सहजीकरण
## सहमत मिडिया प्रालि

## रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्की

## २०७७ फागुन १३ गते

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd. 2074

Scanned with CamScanner

# रुपा गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०७७ प्रतिवेदन

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD

सहजीकरण
सहमत मिडिया प्रालि

## रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्की

२०७७ फागुन १३ गते

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd. 2074

Scanned with CamScanner

विषय सूची

१. विषय प्रवेश ....................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य ......................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ..........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ..............................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................. ........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ ............
७. निष्कर्ष ......................................
८. अनुसूचिहरु ......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ...............
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : कार्यक्रममा उठेका प्रश्न, गुनासो तथा जवाफ र प्रतिवद्धताहरु ....
अनुसूची ६ : सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती ..........
अनुसूची ७ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ..........

NEPAL

Scanned with CamScanner

## १. पृष्ठभुमी

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ । करिव २० वर्षपछि राज्य पुनर्संरचनासँगै तीन तहको चुनाव भयो । स्थानीय तहले करिव ४ वर्ष व्यतित गरिसकेका छन् । सवै तहमा जनप्रतिनिधिले जिम्मेवारी सम्हालेका छन् । प्रदेश सरकार गठन भएपछि यसअघि वनेका जिल्ला र क्षेत्रीय स्तरका कार्यालयहरु धमाधम परिवर्तित भएका छन् । राज्यको संरचना राज्यशक्तिको बाँडफाँट अव जनतामा विकेन्द्रित भएको छ । जनताका घर आँगनमा सरकार पुगेको छ । प्रदेश सरकार गठन भएको लामो समय वितिसकेपनि आवश्यक ऐन, कानुन, तथा निर्देशिकाको अभावका कारण जनप्रतिनिधीहरु अल्मलिएका छन् । यद्यपी तत्कालको आवश्यक्ता प्रदेश तहमा विभिन्न नीति नियम वनेका छन् भने स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन जारी भएपछि सरकारहरु केही जिम्मेवार वनेका छन् । नेपालको संविधान वमोजिम कायम भएका प्रदेश सरकार, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र समन्वय समितिमा निर्वाचित सरकारले कार्यक्रम ल्याउने र कार्यान्वयन गर्ने प्रक्रिया ४ वर्षदेखि गरिसकेका छन् ।

प्राचिन समयदेखि नै नेपालमा केन्द्रीकृत शासन पद्धति छ । यो निकै पुरातन अवधारणामा चल्दै आएको हामी नकार्न सक्दैनौं । जव २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन र २०५६ सालमा स्थानीय स्वायत्त शासन नियमावली आयो त्यसपछि विकेन्द्रिकृत अवधारणा सुरुवात भयो । तर अपसोच, ऐन र नियमावलीसँगसँगै स्थानीय निकायको चुनाव हुन सकेन । झण्डै २० वर्षसम्म नागरिकले जनप्रतिनिधी चुन्ने अवसर पाएनन् । २०५४ सालमा भएको चुनाव पछि एकैचोटी २०७४ मा आएर स्थानीय चुनाव भयो । देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सहभागितामुलक वनाएर त्यसको प्रतिफल सवै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तव्यउन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ । स्थानीय स्तरको विकास समग्र देश विकासकै सुचक भएको हुँदा नेपाल सरकारले स्थानिय तहलाई समुचित तवरले विकासोन्मुख गति तर्फ अघि वढाउन उपलब्ध गराउने अनुदानका अतिरिक्त स्थानीय तह आँफै राजस्व संकलन गर्ने र सोको उचित परिचालन गर्ने व्यवस्था नयाँ अवधारणा हो ।

धेरैजसो सरकारी कार्यालयहरु जनताप्रति उत्तरदायि हुन सकेका छैनन् भन्ने गुनासो निकै थियो र छ । पारदर्शिताका हिसावले पनि कमजोर थिए र छन् । आफुँसँग भएका श्रोत र साधनको अधिकतम उपयोग गरी जनताको विकास प्रतिको अपेक्षा पूरा गर्ने दायित्व यस्ता कार्यालयहरुको हुन् । तथापी आवश्यक्ताहरु, प्राथमिकताहरु, उपलब्ध अवसर तथा साधन श्रोतको तुलनामा,निकै चूनौतिपूर्ण छन् । विकास जनताको नजिक र सेवा सुविधाहरु जनताको वरपर पुऱ्याउनु सुशासनप्रतिको विश्वासको वलियो आधार हो । विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन । आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन । तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ ।

सवैलाई वाँध्ने जनताको संविधान र संविधानत: केही संरचनाहरु तयार भएपनि थप पद्धति पूरा भैनसकेको अवस्था छ । तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सवैलाई अधिकार र कर्तव्यको वोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्वोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । स्थानीय सरकार सन्चालन ऐन सुशासनका लागि सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ । हरेक स्थानीय तहको स्व मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य वनाईएको छ । स्थानीय निकाय हुँदाताका नेपाल सरकारको मन्त्रीस्तरीय निर्णय अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरी लागू समेत गरेको थियो । यो कार्यविधि संशोधन भएको छैन र छुट्टै कार्यविधि पनि वनेको छैन । यद्यपी नयाँ कार्यविधि तयार गरेर भएपनि सार्वजनिक सुनुवाई जस्ता पारदर्शीता सम्वन्धि कार्यक्रम सञ्चालन गनुपर्ने अपरिहार्य सत्य हो । यसको अभ्यास कास्कीको रुपा गाउँपालिकाले राम्रोसँग गरेको छ । यसैलाई आधार मानेर रुपा गाउँपालिकाको आयोजनामा वडा नम्वर ७ रामकोटमा सार्वजिक सुनुवाई कार्यक्रम भएको हो ।

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath 8, Simalchour, Kaski

Scanned with CamScanner

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- कार्यालयबाट संचालित कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गर्ने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- कार्यालयबाट सञ्चालन गरिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सरोकारवाला तथा इच्छुकलाई विस्तृत जानकारी दिने
- कार्यालयले आफूले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभाव बारेमा मुल्याङ्कन गर्ने
- अघिल्लो सार्वजनिक सनुवाईमा औल्याइएका विषयमा भएका सुधारको उपलब्धीको समीक्षा गर्ने तथा अन्य समसामयिक विषयमा खुला छलफल गर्ने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने,
- नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहनेछ ।

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित रुपमा सम्पन्न गर्नको लागि गाउँपालिका अध्यक्ष नवराज ओझा, उपाध्यक्ष लालसुवा गुरुङ र प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगाना सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ जिल्लाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ताहरुलाई पत्राचार गरिएको थियो । साथै वडाको सूचना पाटीमा पनि टाँसिएको थियो । *(प्रवाह भएको सूचनाको नमूना अनुसूची १ मा रहेको छ ।)*

ग) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
*(आचार संहिताको नमूना अनुसूची २ मा रहेको छ ।)*

ङ) सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्लाका विभिन्न सञ्चारमाध्यमलाई पनि आमन्त्रण गरिएको थियो । यस कार्यक्रमको बारेमा विभिन्न छापा सञ्चारमाध्यमबाट पनि समाचार प्रकाशन भएको छ ।
*(छापा सञ्चारमाध्यमले प्रकाशित गरेको केही समाचारको फोटोकपी अनुसूची ३ मा रहेको छ ।)*

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०७७ फागुन १३ गते विहान ११ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै ४ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । वडा नम्बर ७ का अध्यक्ष दयासागर सुवेदी ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगानाले जानकारी गराउनुभएको थियो । प्रमुख जवाफदेहीका रुपमा पालिका अध्यक्ष नवराज ओझासँगै, प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगाना, विभिन्न शाखाका प्रमुखहरु, जनप्रतिनिधिहरु, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । सहमत मिडिया प्रालिका अमृत सुवेदीले पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्कदै गरेका सेवाग्राहीसंग भरिएको वहिर्गमन अभिमतको प्रतिवेदन सार्वजनिक गर्नुभयो । पालिका अध्यक्ष नवराज ओझाले

dna NEPAL SAHAMAT MEDIA P. LTD

Scanned with CamScanner

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- कार्यालयबाट संचालित कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गर्ने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- कार्यालयबाट सञ्चालन गरिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सरोकारवाला तथा इच्छुकलाई विस्तृत जानकारी दिने
- कार्यालयले आफूले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभाव बारेमा मुल्याङ्कन गर्ने
- अघिल्लो सार्वजनिक सनुवाईमा औंल्याइएका विषयमा भएका सुधारको उपलब्धीको समीक्षा गर्ने तथा अन्य समसामयिक विषयमा खुला छलफल गर्ने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने,
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहनेछ ।

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यबस्थित रुपमा सम्पन्न गर्नको लागि गाउँपालिका अध्यक्ष नवराज ओझा, उपाध्यक्ष लालसुवा गुरुङ र प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगाना सहित कार्यक्रम समूहको वैठक वस्यो र आवश्यक तयारी थाल्यो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ जिल्लाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ताहरुलाई पत्राचार गरिएको थियो । साथै वडाको सुचना पाटीमां पनि टाँसिएको थियो । *(प्रवाह भएको सूचनाको नमूना अनुसूची १ मा रहेको छ ।)*

ग) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
*(आचार संहिताको नमूना अनुसूची २ मा रहेको छ ।)*

ङ) सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्लाका विभिन्न सञ्चारमाध्यमलाई पनि आमन्त्रण गरिएको थियो । यस कार्यक्रमको बारेमा विभिन्न छापा सञ्चारमाध्यमबाट पनि समाचार प्रकाशन भएको छ ।
*(छापा सञ्चारमाध्यमले प्रकाशित गरेको केही समाचारको फोटोकपी अनुसूची ३ मा रहेको छ ।)*

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०७७ फागुन १३ गते विहान ११ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै ४ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । वडा नम्बर ७ का अध्यक्ष दयासागर सुवेदी ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगानाले जानकारी गराउनुभएको थियो । प्रमुख जवाफदेहीका रुपमा पालिका अध्यक्ष नवराज ओझासँगै, प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगाना, विभिन्न शाखाका प्रमुखहरु, जनप्रतिनिधिहरु, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सवैले पालना गर्नुपर्ने नियमका वारेमा जानकारी गराउनुभयो । सहमत मिडिया प्रालिका अमृत सुवेदीले पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किंदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सार्वजनिक गर्नुभयो । पालिका अध्यक्ष नवराज ओझाले

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD

Scanned with CamScanner

हालसम्म सम्पन्न कार्यक्रम तथा बजेटका बारेमा जानकारी गराउनुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।

*(सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ । )*

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझासँगै, प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगाना, वडाध्यक्ष लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, समूह वा सन्जाल, विद्यालय व्यवस्थापन समिति, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु, पत्रकार लगायतको उपस्थिति थियो ।

*( सहभागीहरुको विवरण अनुसूची ५ मा रहेको छ ।)*

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुल्ला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष नवराज ओझासँगै, प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगाना, शाखा प्रमुखहरु र वडाध्यक्षहरुले जवाफ दिनुभयो ।

*( खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।)*

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लान्छना लगाउने कार्य भएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुवाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं ।

dna NEPAL SAHAMAT MEDIA (P.) LTD.

Scanned with CamScanner

८. अनुसूचीहरु

# अनुसूची १

*सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना*

**रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

रुपा गाउँपालिका नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०७७ फागुन १३ गते वडा नम्वर ७ रामकोटमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**
**रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**रुपाकोट, कास्की**

# अनुसूची २

सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय वितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।
६ चित्त नवुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले विना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा वदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई विथोल्ने प्रयास कतैवाट भएको पाइएमा सवै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुन वाट सवै सहभागि सचेत हुनु पर्नेछ ।

dna NEPAL SAU... MEDIA (P.) LTD.

Scanned with CamScanner

# अनुसूची ३

कार्यक्रमबारे सञ्चार माध्यममा छापिएका समाचारहरु

26 Feb. 2021

एउटै पढे पुग्छ

समाधान

samadhannews.com

समाधान राष्ट्रिय दैनिक

९८५६०-८३९००

मौसम

## घाटमा कमिसन छ ?

# जनप्रतिनिधिलाई गाडीकै अफर आउँछ

अमृत सुवेदी

पोखरा, १३ फागुन

'रुपा गाउँपालिकाको सीमा मादी नदीबाट अवैध रुपमा नदीजन्य पदार्थ तस्करी भइरहेको छ । जति गुनासो गर्दा पनि न कारबाही हुन्छ, न तस्करी रोकिन्छ,' गाउँपालिकामाथि प्रश्न उठाउँदै स्थानीय बुद्धिनाथ न्यौपानेले सोधे, 'के स्थानीय जनप्रतिनिधिलाई कमिसन आइरहेको छ र तस्करी नरोकिएको हो ?'

कास्कीको रुपमा गाउँपालिका वडा नम्बर १, २ र ७ लाई छोएर मादी नदी बगेको छ भने पारीपट्टि मध्य नेपाल नगरपालिका लमजुङ पर्छ । रुपाको अधिकार क्षेत्रबाट मादी नदी उत्खनन गरी नदीजन्य पदार्थ लमजुङतिर अवैध ओसारपसार भइरहेको स्थानीयको गुनासो छ । यसअघि पनि गाउँपालिकाले अवैध रुपमा तस्करी भएको प्रमाणसहित भेट्टाएपछि कारबाही नै गरेको थियो ।

अहिले पनि पटक पटक उजुरी गर्दा पनि तस्करी नरोकिएको स्थानीयको गुनासो थियो । 'ट्याक्टर समातिन्छ, छोडिन्छ, अहिले पनि तस्करी भइरहेको छ तर किन अनुगमन नै भइरहेको छैन,' न्यौपानेले भने, 'यसका पछाडि जनप्रतिनिधिकै मिलेमतो त होइन ?'

रुपा गाउँपालिका अध्यक्ष नवराज ओभाले जवाफ दिनुअघि जनप्रतिनिधि आउनेबित्तिकैको घटना सुनाए । अध्यक्ष ओभाले घाट सञ्चालन माग्दै गाडी अफर कसरी आएको थियो भन्ने किस्सा सुनाए । 'अध्यक्ष भएर आएको केही दिनमात्रै भएको थियो । घाट दिए तपाईंले सरकारी गाडी चढ्नु पर्दैन, हामी नै तपाईंलाई गाडी दिन्छौं भन्ने अफर लिएर १ समूह आयो,' ओभाले भने, 'यस्तै अवैध काम रोक्छु भनेर आएको हुँ, यस्तो प्रस्ताव लिएर आयौ भने प्रहरीलाई बोलाएर गलहत्याएर पठाउँछु भनेपछि फर्के । कमिसन नै खाने भए गाडी नै लिन सक्थेँ, तर म यस्तो प्रवृत्ति रोक्न आएको थिएँ ।'

वर्षौदेखि रमाइ गर्दै आएको नदीजन्य पदार्थको अवैध ओसारपसार रोक्ने र पालिकामा ठूलो राजस्व भित्र्याउन पालिका सफल भएको ओभाले बताए । ०७५ पुस र ७६ पुसमा स्थलगत अनुगमन गरी अवैध ओसारपसार गर्नेलाई कारबाही गरेको ओभाले दाबी गरे ।

गएको पुस ६ गते पालिका अध्यक्ष ओभोसहितको अनुगमन टोलीले जनप्रतिनिधिको समेत नदीजन्य पदार्थको उत्खननमा संलग्नता रहेको देखिएपछि छानबिन समिति नै बनाएको



रुपा गाउँपालिकाले बिहीबार आयोजना गरेको सार्वजनिक सुनुवाइ । *तस्बिर : समाधान*

थियो । पालिकाले अवैध रुपमा थुपारिएको नदीजन्य पदार्थ शिल गरेको थियो भने सुरुमा ५ हजार जरियाना गरेको थियो ।

'सुरुमा ५ हजार जरिवाना गर्‍यौं । त्यसपछि दोस्रो पटक १५ हजार जरिवाना गर्‍यौं । अब तेस्रो पटक भेटिए १ लाख ५० हजार रुपैयाँ जरियाना गर्छु भनेर फर्किएको हो,' ओभाले भने, 'अब त्यस्तो भेटिए, कारबाही हुन्छ, ढुक्क हुनुस् तर करोडौं अवैध धन्दा चलाउँछु, पालिका दोहन गरेर खान्छु भन्ने नसोचे हुन्छ ।'

रुपाबाट लमजुङतर्फ ढुंगा, गिटी, बालुवाको तस्करी भइरहेको गुनासो आएपछि पालिकाले वडा नम्बर ७ को घाट नै शिल गरेको छ । घाट शिल गरेपछि पालिकाविरुद्ध अदालतमा मुद्दा पर्‍यो । पालिकाको पक्षमा फैसला आएपछि ५ लाख रुपैयाँ असुलउपर गराएको अध्यक्ष ओभाले सुनाए ।

जनप्रतिनिधि आउनुअघि १ लाख रुपैयाँमा उठ्ने रुपास्थित मादी नदी घाट यो वर्ष ५८ लाख रुपैयाँमा ठेक्का लागेको छ भने अहिलेसम्म डेढ करोड रुपैयाँ राजस्व प्राप्त भइसकेको छ । 'टाढाबाटाले ट्याक्टर किन्ने र ढुंगा, गिटी, बालुवाको ओसारपसार गर्न गयो,' ओभाले भने, '१ लाख रुपैयाँमा जाने घाटबाट यो सालमात्रै ५८ लाख रुपैयाँ आउँदैछ, अहिलेसम्म डेढ करोड राजस्व प्राप्त भइसक्यो भने कल्पना गर्नुहोस्, कमिसन खाने भए कति अफर रहेछ ?'

रुपा ७ रामकोटमा बिहीबार गाउँपालिका अध्यक्ष तथा जनप्रतिनिधिले सेवाग्राहीको इजलासमा यस्तै प्रश्नको उत्तर दिए । पालिकाले गरेको चालु आर्थिक वर्षको सार्वजनिक सुनुवाइमा विकास, निर्माणदेखि लक्षित वर्गसम्मको विषयमा जनप्रतिनिधिमाथि सेवाग्राहीले

> १ लाख रुपैयाँ उठ्ने घाटबाट जनप्रतिनिधि आएपछि यो वर्षमात्रै ५८ लाख र अहिलेसम्म डेढ करोड रुपैयाँ राजस्व उठिसकेको छ

प्रश्न उठाए । स्थानीय माधव पौडेलले गाउँपालिकाले कृषिदेखि सडकसम्म प्रभावकारी काम गर्न नसकेको आवाज उठाए ।

'उपभोक्ताले जंगल प्रयोग गर्न पाएका छैनन्, उल्टै मुद्दा खेपेका छन् । प्रधानमन्त्री कृषि परियोजना प्रभावकारी छैन । अहिले निर्माण भइरहेको रामकोट सडक दुर्घटना पर्खिरहेजस्तो छ,' पौडेलले भने, 'पालिकाले अनुगमन गरी प्रभावकारी बनाउन किन सकिरहेको छैन ?'

वनसम्बन्धी ऐन नबन्दा र अधिकार नहुँदा धेरै समस्या आएको बताउँदै पालिका अध्यक्ष ओभाले सामान्य विवाद हुनेबित्तिकै मुद्दा हालिहाल्ने प्रवृत्ति छाड्न अनुरोध गरे । निर्माणाधीन रामकोट सडक गुणस्तरीय बनाउन आफू लागिपर्ने उनले बताए । केही किलोमिटरमात्र पिच सडक भएको रुपा गाउँपालिकामा अहिले ८४ किलोमिटर सडक पिच भइरहेको ओभाले जानकारी दिए ।

स्थानीय दामोदर सुवेदीले अनुदान र साना आयोजनामा थोरै बजेट दिइएको गुनासो गरे । पालिका अध्यक्ष ओभाले मर्मतका लागि सानो बजेट दिइएको, प्राथमिकता र आवश्यकताका आधारमा ठूला बजेट विनियोजन गरिएको बताए । खानेपानीको ठूलो समस्या भोगेको रुपा गाउँपालिकामा अहिले करोडौंको आयोजना निर्माणाधीन रहेको उनको भनाइ छ ।

स्थानीयले पालिकाको भूगोल हेरेर मापदण्ड र नीति निर्माण नगरेको गुनासो गरे । तत्कालीन गाविस हुँदा नियमित आउने दलित, महिला, गरिब, जनजाति लगायतका लक्षित वर्गको रकम पालिका भएपछि नआएको ताराकुमारी सापकोटाले गुनासो गरिन् ।

'आयआर्जन, उत्पादन र क्षमता विकासको निश्चित ठोस योजना लिएर आउनुस, बजेट दिन्छौं,' अध्यक्ष ओभाले भने, 'तर, शीर्षक एउटा दिएर अर्कोमा खर्च गर्न रुपाले पैसा छुट्याउँदैन ।' यो वर्ष ४८ करोड ८५ लाख रुपैयाँ बजेट विनियोजन भएको, प्रदेश र केन्द्रीय सरकारको समन्वयमा धुप्रै योजना रुपामा रहेकोएको उनको भनाइ थियो । ओभाले कुनै पनि बजेट दुरुपयोग हुन नदिने प्रतिबद्धता गरे ।

सहमत मिडियाले गरेको सार्वजनिक सुनुवाइमा पालिकामा सुशासन कायम गर्न कुनै कसर बाँकी नराख्ने प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगानाले गिकोर गरे । सबै कागजात र प्रक्रिया नपुर्‍याई योजनाको भुक्तानी फछ्र्यौट गर्न नसकिने उनको भनाइ थियो । रुपा ७ का अध्यक्ष दयासागर सुवेदीको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाइमा नेकपा रुपा अध्यक्ष सवाचक्स मिया, कांग्रेस सभापति तुलबहादुर गुरुङ लगायतले पालिकाले अन्य ठाउँको तुलनामा सन्तोषजनक काम गरेको बताए ।

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd:2074

Scanned with CamScanner

आदर्श समाज
Adarsha Samaj National Daily
eAdarsha.com
26 February, 2021

Alishan Kitchen & Home
Design, Architect, Construction & Trading House

## रुपाका किसानको दुखेसो

# फसल बिकाउनै मुस्किल



**आदर्श समाज**

पोखरा, १३ फागुन

कास्की हंसपुरका त्रिलोचन भुजेल तरकारी उत्पादक किसान हुन् । राम्रो उत्पादन गरेकै कारणले उनले सरकारी अनुदान पनि पाएका छन् । तर आफ्नो फसलले बजार नपाउँदा चिन्ता उनिकै छ । 'एक घर एक टनेल कार्यक्रम छ । घरघरै करेसाबारीका योजना पनि आएको छ,' उनले भने, 'हामीले उत्पादन त गरेको गरै छौं । तर तरकारी र फलफूल बिक्री गर्ने ठाउँ भएन ।'

रुपा गाउँपालिकाले कृषि केन्द्रित कार्यक्रम बढाएका कारण उत्पादन बढिएको छ । सोही अनुसार अधिकांश किसानले सहज बजार पाएका छैनन् । उनीहरूले निशुल्क पोखरासम्म ढुवानीका लागि गाउँपालिका गुहारे । पालिकाले १ हजार ५ सय केजी तरकारी र फलफूल तथा २ हजार लिटर दूध तयार गर्ने किसानको निशुल्क ढुवानी गरिरहेको छ । तर त्यो पर्याप्त नभएको किसानहरु बताउँछन् । यो वर्षलाई पालिकाले कृषि वर्षको रुपमा मनाइरहेको छ । 'उत्पादन राम्रो छ । राम्रो उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न निशुल्क ढुवानी दिएका छौं,' पालिका अध्यक्ष नवराज

> रुपा गाउँपालिकाले यो वर्षमात्र साढे ३ करोड रुपैयाँ कृषिमा लगानी गरेको छ ।

ओझाले भने, 'हंसपुरको उत्पादन धेरै पोखरा भर्छ । त्यसबाहेक अरु ठाउँका किसानले पनि उत्पादन निकै राम्रो गरेका छन् ।' उनका अनुसार पालिका तरकारी, धान, दूध र मासुमा आत्मनिर्भर छ । यो वर्ष पालिकाले साढे ३ करोड रुपैयाँ कृषिमा मात्रै लगानी गरेको छ ।

सोही ठाउँका राजु सुवेदीलाई आफ्नो सम्पत्तिको मूल्यांकन कम भएका कारण बैंकबाट ऋण लिन समस्या भएको छ । उनले नेपाल लाइभस्टक इनोभेसन कार्यक्रममा निवेदन दिए । रुपाका ४ वटा समूह यो कार्यक्रमका लागि छनोट भइसकेका छन् । तर उनीहरूले बैंकबाट ऋण लिनुपर्ने बाध्यता छ । गाउँको जमिनको मूल्यांकन राम्रो नहुँदा छनोटमा परे पनि कार्यक्रमबाट वञ्चित हुने अवस्था आएको उनले गुनासो गरे । '५ लाख ऋण लिन पनि धितो पुग्दैन । बैंकमा जाँदा बैंकले ऋण दिँदैन,' गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा उनले गुनासो पोखे, 'पालिकाले सहजीकरण गरिदिए कार्यक्रम पाइन्थ्यो । नत्र त्यसै जाने भयो ।' अध्यक्ष ओझाले आवश्यक सहजीकरण भइरहेको बताए ।

सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरूले समानुपातिक विकास नभएको, खानेपानीको बढी समस्या भोग्नुपरेको, प्राविधिकहरूले सजिलै सहयोग नगरेको लगायत गुनासो गरे । खासगरी लक्षित समुदायको बजेटबारे जानकारी नपाएको उनीहरूले बताए । 'महिला र बालबालिकाको पैसा गाविस हुँदा आउँथ्यो । आजभोलि नगरेको हो कि थाहा नभएको हो ?,' रुपा ७ की महिला सञ्जाल अध्यक्ष कल्पना सुवेदीले भनिन्, 'योजना माग्न गयो भने नीति नआउन पैसा दिँदैनौ भन्छन् । कतिपटक प्रपोजल हाल्यौं बजेट परेन ।' जवाफमा गाउँपालिका अध्यक्ष नवराज ओझाले उत्पादन र सीप सिक्ने क्षेत्रमा मात्रै खर्च गर्न सकिने बताए । 'अब नाचगानका लागि पैसा दिन सक्दैनौं । आर्थिक उपार्जन गर्ने हो भने जस्तो कार्यक्रम पनि पास हुन्छ,' उनले भने, 'पालिकाको जोड स्वरोजगार बनाउने तर्फ छ । अनुत्पादक क्षेत्रमा लगानी नगर्ने स्पष्ट नीति छ ।' विकास निर्माण आवश्यकता र स्रोतलाई हेरेर सकेसम्म काम भैरहेको र खानेपानीको समस्या यही आर्थिक वर्ष समाधान हुने उनले बताए । रुपामा एक घर एक धारा अभियान सञ्चालन भइरहेको छ । सोलारबाट लिफ्टिङ गरेर घरघरै धारा पुऱ्याउने पालिकाले जनाएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगानाले गलत मनसायबाट काममा आलटाल गर्ने कर्मचारीलाई कारबाही गर्ने बताए । 'कसैले पैसा मागे सिधै मलाई भन्नुस् । ठाउँको ठाउँ कारबाही हुन्छ,' प्राविधिकले काम गर्दा ढिला सुस्ती गरेको गुनासो आएपछि जवाफमा उनले भने, 'वडापत्रमा तोकेको भन्दा एक सुका बढी तिर्नुपर्दैन ।' कागजी प्रक्रिया झन्झटिलो भएकै कारण योजनाको फरफारक गर्न समस्या भएको नागरिकको गुनासो छ ।

उनीहरूले गाउँको भूगोल अनुसार मापदण्ड र नीति तथा कार्यक्रम नबन्दा आफूहरूले सहुलियत लिन नसकेको बताए । 'कृषिको टनेल लिन जाँदा २० मिटर चौडा जमिन चाहिन्छ भन्छन् । यो भिरालो ठाउँमा त्यत्रो गरा कता खोज्ने ?, उनीहरूले भने, 'यो नियम हाम्रो पालिकामा सुहाएन । मापदण्ड बनाउँदा किसानको अवस्था र भूगोल हेरेर बनाउनुपर्छ ।' अनुदान सहि व्यक्तिहरूले नपाएको पनि उनीहरूको गुनासो छ ।

अध्यक्ष ओझाले प्रश्नहरु सुधारका लागि सुझाव भएकोले आगामी दिनमा प्रश्न नआउने गरी काम गर्ने प्रतिबद्धता जनाए । सहमत मिडिया प्रालीले सहजीकरण गरेको कार्यक्रममा वडा नम्बर ७ का अध्यक्ष दयासागर सुवेदीले जनताका माग र अपेक्षा अधिक भएको तर स्रोत साधनको सीमितताले सोचे अनुसार काम गर्न नपाएको बताए ।

dna NEPAL
SAHAMAT MEDIA (P) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd 2074

Scanned with CamScanner

# अनुसूची ४

## रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
## सार्वजनिक सुनुवाई कार्यक्रम -२०७७
## कार्यक्रम तालिका

| क.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | दयासागर सुवेदी-अध्यक्ष, रुपा गाउँपालिका ७ |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>नवराज ओझा-अध्यक्ष, रुपा गाउँपालिका<br>लालसुवा गुरुङ-उपाध्यक्ष, रुपा गाउँपालिका<br>सन्तोष ढुंगाना-प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु:<br>दीपक आले-अध्यक्ष, वडा नम्वर १<br>हिता रुपाखेती-का.वा अध्यक्ष, वडा नम्वर २<br>रामजी अधिकारी-अध्यक्ष, वडा नम्वर ३<br>मुकुन्द वहादुर वंशी-अध्यक्ष, वडा नम्वर ४<br>टेक वहादुर गुरुङ-अध्यक्ष, वडा नम्वर ५<br>नारायण गुरुङ-अध्यक्ष, वडा नम्वर ६<br>**जवाफदेही**<br>सन्दिप पौडेल-प्रमुख, शिक्षा शाखा<br>ज्योति गुरुङ-प्रमुख लेखा शाखा<br>सहजकर्ता : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>सहवक्स मियाँ-अध्यक्ष, नेकपा रुपा<br>तुल वहादुर गुरुङ-सभापति, नेका रुपा<br>कालिदास सुवेदी-अध्यक्ष, फेकोफन गण्डकी<br>**संघसंस्थाको तर्फबाट**<br>विषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमवारे जानकारी | सन्तोष ढुंगाना-प्रमुख प्रशासकीय अधिकृत |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | नवराज ओझा, गाउँपालिका अध्यक्ष |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५ | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ६ | | प्रश्न तथा गुनासो स्पष्ट | नवराज ओझा, गाउँपालिका अध्यक्ष<br>सन्तोष ढुंगाना, प्रमुख प्रशासकीय अधिकृत<br>सन्दिप पौडेल, शिक्षा शाखा प्रमुख<br>ज्योति गुरुङ, लेखा शाखा प्रमुख<br>मनोज.., प्राविधिक प्रमुख<br>......, कृषि शाखा प्रमुख |
| ७. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ८. | | थप जिज्ञासामा स्पष्टता | नवराज ओझा, गाउँपालिका अध्यक्ष |
| ९. | | मन्तव्य | सहवक्स मियाँ, नेकपा अध्यक्ष<br>तुलबहादुर गुरुङ, नेका सभापति<br>कालिदास सुवेदी, फेकोफन गण्डकी अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | दयासागर सुवेदी, रुपा ७ अध्यक्ष |
| ११. | | चियापान | |

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath

Scanned with CamScanner

Scanned with CamScanner

# अनुसूची ६

## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिबद्धताहरु

| क्र.सं. | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा प्रतिबद्धता |
|---|---|---|---|
